# गाउँ सभाको बैठकमा अध्यक्ष श्री बाग्दल मल्लद्धारा प्रस्तुत
# आर्थिक बर्ष २०७५/०७६ को
# ताँजाकोट गाउँपालिकाको नीति तथा कार्यक्रम

ताँजाकोट गाउँपालिका

ताँजाकोट गाँउ कार्यपालिकाको कार्यालय

मैला हुम्ला ।

३० असार २०७५

**उपस्थित सभाका सदस्यहरु**

१= नेपाल संघियतामा गएसंगै लोकतन्त्रलाइ सुदृढीकरण गर्न यो एतिहासिक सभामा यस ताँजाकोट गाउँपालिकाको आ.ब. २०७५/०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाइ खुसी लागेको छ । यस अवसरमा म नेपालको संघिय लोकतान्त्रीक गणतन्त्रका लागी नेपाली जनताले पटकपटक गर्दै आएको एतिहांसिक जनआन्दोलन, लगायतका आन्दोलनको स्मरण गर्न चाहन्छु ।

२. झन्डै २० बर्ष पछि स्थानिय तहमा जनता आफैले रोजेका प्रतिनिधीहरुले स्थानिय शासन सम्हालेसँगै स्थानिय लोकतन्त्र सवल र सक्षम स्थानिय तह, नागरिक अधिकार, सहज दैनिक जनजिविका समावेश राज्य संरचना लगायतका जनअपेक्षाहरु सम्बोधन हुने क्रममा रहेका छन । संविधानले अंगिकार गरेको विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्ताले नेपालीको स्वाभिमानलाइ अझ बढाएको छ ।

३. संबैधानिक अधिकार तथा श्रोत साधन सहित स्थानिय सरकारको गठन भइ लोकतन्त्रको आधारशिलाको रुपमा रहेको स्थानिय तहलाइ अधिकार सम्पन्न बनाइ सिंहदरवारको अधिकार गाउँ–गाउँमा आइपुग्दा स्थानिय सरकारले गर्भको अनुभती गरेको छ । "सफा सुन्दर र हरियाली ताँजाकोट, आर्थिक वृदि र विकासले सम्पन्नता" भन्ने नारालाइ आत्मासाथ गर्दै अगाडी बढ्ने निति लिइने छ ।

उपस्थित सभाका सदस्यहरु

४. देशको समग्र आर्थिक वृद्धिमा सहयोग पुर्याउने उदेश्यका साथ हाम्रो यस गाउँपालिकालाइ आर्थिक समुन्नतीको बाटोमा अगाडी बढाउन सडक पुर्वधार, कृषी पर्यटन र  जलविधुत जस्ता  हाम्रो सम्भावनाका क्षेत्रमा लगानी गरिनेछ ।

५. अधिकार र श्रोत सहित स्थानिय तहको गठन भएतापनि यसको आफनो भौतिक संरचना समेत नभएको हुदा यसको निर्माणको दायित्व स्थानिय सरकारको काँधमा आएको छ । सेवालाइ सहज र सरल बनाउनका लागी छिटो भन्दा छिटो भोतिक संरचनाहरु निर्माण गर्नु पर्ने अवस्था रहेको छ । यसका लागी गाउँपालिकाको केन्द्र तोकिएको स्थानमा जनताको जनजीवनमा असर नपर्ने गरी जग्गा अधिग्रहण गरि सार्वजनिक कार्यालयहरुका संरचना निर्माणको कार्य अगाडी बढाइनेछ । गाउँपालिका र वडा कार्यालयहरुको व्यवस्थापनमा समेत बिशेष ध्यान दिइनेछ ।

६. यस गाउँपालिकाको केन्द्रबाट गाउँपालिकाका वडाका प्रत्येक टोलहरुमा सडकले जोड्दै जनतालाइ गाउँपालिकाको केन्द्र, सम्म सहज किसिमले आवात जावात  गर्न सक्ने बनाइनेछ ।

**सभाका सदस्यहरु**

७. हाम्रो गाउँघरमा घरहरु छरिएर रहेका हुन्छन जसले जनतामा सेवा सुविधा पुर्याउन असहज हुने भएकाले यहाँका गाउँको वस्तीको संरचनालाइ परिवर्तन गर्दै एकिकृत बस्तीको खाका तयार गरी योजना साथ यसको कार्यान्वयनका लागी प्रयास गरिनेछ ।

८. यस गाउँपालिकाको प्रमुख पेशा कृषि भएको हुँदा कृषीलाइ व्यावसायीकरण गर्दै कृषि सुचना तथा प्रचार प्रसार केन्द्रको स्थापना गरिनेछ ।

९. यस गाउँपालिकाका विभिन्न क्षेत्रहरुलाइ कृषि पकेट क्षेत्र घोषणा गरी आलु, जडीबुटी उत्पादनका लागी पकेट क्षेत्रहरुको स्थापना गरिदैं लगिनेछ साथै अन्य गाइपालन, बाख्रापालन जस्ता व्यावसायहरुलाइ समेत प्रोत्साहन गरिनेछ ।

१०. यस क्षेत्रको आर्थिक विकास र सम्वृदिका लागी निजी क्षेत्रहरुसंग समेत साझेदारी गर्दै अगाडी बढ्ने निति लिइनेछ । निजी क्षेत्रलाइ यस गाउँपालिकमा लगानीको लागी उचित वातावरणको प्रवर्दन समेत गरिनेछ ।

११.यस गाउँपालिकामा विकासका क्रियाकलापहरु सञ्चालन गर्दा वातावरण तथा जलवायुमैत्री पुर्वाधारको विकासमा जोड दिइनेछ ।

१२. यस क्षेत्रको आर्थिक विकासको प्रमुख आधार पर्यटन पनि हो । धार्मिक तथा प्राकृतिक पर्यटनको प्रबर्दनमा ध्यान दिइनेछ । मदना अदानचुली कवाडी र लामासैन लगायत क्षेत्रको पर्यटन प्रवर्दन गरी पर्यटकलाइ भित्र्याउने उदेश्यका साथ योजना बनाएर अगाडी बढिनेछ । हाम्रो स्थानिय कला संस्कृती भाषाको सम्बर्दन संरक्षण र विकासमा तिब्रता दिइनेछ । लोपोन्मुख जाती, आदीवासी जनजातीको भाषा संस्कृती र सम्पदाको संरक्षण एवं विकासलाइ जोड दिइनेछ ।

१३.बेरोजगार जनशक्तीलाइ उत्पादनमुलक रोजगारीको अवसर सिर्जना गरी रोजगार उपलब्ध गराइनेछ । उद्यमशीलता स्वरोजगार र आय आर्जनमा केन्द्रित गर्न युवालाइ छोटो र लामो अवधिको तालिम दिइनेछ ।

१४. खेलकुद क्षेत्रको विकासको लागी विभिन्न स्थानहरुमा खेल मैदानहरुको स्थापना तथा भइरहेका खेलकुद मैदानहरुलाइ स्तरोन्नती गर्दै लगिनेछ ।

सभाका सदस्यहरु,

१५. शिक्षा र स्वास्थ्यमा भएको लगानीले स्वस्थ शिक्षित र सभ्य नागरिक उत्पादनमा योगदान पुर्याएको हुन्छ । अहिलेसम्म प्राप्त उपलब्धीलाइ संस्थागत गरी गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाको व्यवस्था मिलाइनेछ ।

१६. शिक्षा क्षेत्रमा राज्यले लिएको नितीलाइ पुरा गर्नका लागी यो गाउँ सरकार योजनाबद् ढंगले अगाडी बढ्नेछ । गुणस्तरयुक्त शिक्षामा पहुँच पुर्याउन सामुदायिक विद्यालयलाइ नमुनाको रुपमा सञ्चालन गर्ने कार्यक्रमलाइ निरन्तरता दिइनेछ । सिपयुक्त शिक्षाका लागी प्राविधिक तथा व्यावसायिक शिक्षालाइ क्रमश विस्तार गरिनेछ । विद्यालय शिक्षालाइ क्रमश तल्लो कक्षाबाट अंग्रेजी माध्यममा सञ्चालन गरिने छ । यसका लागी गाउँ सरकारले उचित वातावरण बनाउने छ । साथै बिस्तारै बाल बिकास केन्द्रहरुको विकास गरी तिनीहरुलाइ बालमैत्री पुर्बाधार थप गरी आधुनिक किन्डर गार्डेनको रुपमा विकास गरिनेछ ।

१७. स्वास्थ्य क्षेत्रमा केन्द्र सरकारबाट सञ्चालित कार्यक्रमहरुलाइ निरन्तरता दिइ त्यसको प्रभावकारी कार्यान्वयन गरिनेछ । स्वास्थय क्षेत्रको थप अन्य आवश्यकताहरुलाइ समेत मध्यनजर राख्दै कार्यक्रमहरु बनाइनेछ । केन्द्र सरकारबाट निशुल्क प्राप्त औषधीहरुको उपलब्धता सुनिश्चित गरिनेछ । गाउँपालिका स्तरको अस्पताल स्थापनाका लागी उपयुक्त स्थानको खोजी गरिनेछ र सो को पुर्वधार निर्माणको लागी नेपाल सरकारलाइ अनुरोध गरिनेछ ।

१८. हाम्रो समाजमा रहेको सामाजिक विभेद, कुसंस्कार लाइ हटाउँदै लैंगिक समानता, महिला सशक्तिकरण, लैगिक मुलप्रवाहीकरण र महिला सहभागिता बृदि गर्ने नितीलाइ प्रोत्साहित गरिनेछ ।

१९. स्थानिय क्षेत्रमा प्राकृतिक प्रकोप एवं विपत्तीबाट हुन सक्ने क्षतीलाइ गाउँसरकार नजर अन्दाज गर्न सक्दैन । यस्ता विपतबाट पिडित व्यक्तीहरुलाइ तत्काल उचित राहत तथा सहयोग पुर्याउनु स्थानिय सरकारको प्रमुख दायित्व हुनेछ । यसका लागी गाउँसरकारले केन्द्र सरकारबाट प्राप्त हुने समानीकरण अनुदानबाट गाउँकार्यपालिकाले उपयुक्त ठहर गरे बमोजिमको रकम जम्मा

गरी एक दैवि प्रकोप राहत कोष खडा गर्ने छ । राहत कोषमा प्रत्येक बर्ष आन्तरिक श्रोतको निश्चित प्रतिशत रकम छुट्याएर राख्ने व्यवस्था गरिनेछ ।

सभाका सदस्यहरु,

२०. आजको युग सुचना र प्रविधीको युग हो । यसलाइ मध्यनजर गर्दै आगामी आ.व.मा गाउपालिका तथा यसका प्रत्येक वडा केन्द्रहरुमा इन्टरनेटको पहुँच स्थापना गर्न पहल गरिनेछ । गाउँपालिकाको आफनै वेबसाइट खोली सुचनाहरु वेबसाइटबाटै हेर्न सकिने व्यवस्था गरिनेछ । वडाहरुवाट सम्पादन हुने व्यक्तीगत घट्ना दर्ता लगायतका अन्य कार्यहरु विधुतिय प्रणालीवाट गर्ने व्यवस्था क्रमश गरिनेछ ।

२१. सहकारी संस्थालाइ सक्षम र सुद्दढ बनाइ यसको पुँजीलाइ समाजमा रहेको बरोजगारी अन्त्यको लागी परिचालन गरिने निती लिइनेछ ।

सभाका सदस्यहरु,

२२. आगामी आ.ब.मा गाउँपालिका भित्र बिषयगत कार्यालयहरु समेत आउने निश्चित भइसकेको छ । त्यस्ता कार्यालय आउँदा प्राप्त श्रोत साधन अपर्याप्त भएमा गाउँसरकारले निरन्तर काम गर्न सक्ने गरी आवश्यक श्रोत साधनको व्यवस्था गर्नेछ । सवै विषयगत कार्यालयहरुलाइ निर्वाधरुपमा सेवा सञ्चालन गर्न सक्ने अवस्था सिर्जना गरिनेछ ।

२३. हाल हाम्रो गाउँपालिकाको श्रोत केन्द्रिय सरकारवाट प्राप्त अनुदान भएता पनि दिर्घकालीन रुपमा आफ्नो श्रोत साधनको खोजी गरी त्यसको परिचालनको माध्यमबाट यस गाउँपालिकालाइ सम्पन्न र सम्बृद बनाइनेछ ।

२४. हाम्रो गाउँपालिकाको विकास र सम्बृदीको लागी यस क्षेत्रमा प्रवेश गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसंग समन्वय तथा सहकार्य गरी अगाडी बढ्ने निति लिइनेछ । यस्ता गैरसरकारी संघ संस्थाहरुलाइ जवाफदेही जिम्मेवारी पारदर्शी र भरपर्दो विकास सहयोगीका रुपमा व्यवहार गरिनेछ । गैर सरकारी संघ संस्थाहरुलाइ जनतालाइ प्रत्यक्ष लाभ पुग्ने क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

२६. सुरक्षा निकाय केन्द्र सरकार मातहत रहने भएपनि यस गाउँपालिका क्षेत्रभित्र शान्ती सुरक्षा कायम राख्ने सुरक्षा निकायहरु संग उचित समन्वय तथा सहकार्य गरिनेछ ।

२७. स्थानिय प्रशासनलाइ सुशासनका मुल्य मान्यता तथा सिदान्तहरुमा आधारित रही स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत अनुशासनप्रति प्रतिबद्, पारदर्शी भष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामुलक बनाउदै लगिनेछ ।

२८. अन्त्यमा, गाउँकार्यपालिका र गाउँसभा गठन भएपश्चात गाउँकार्यपालिकालाइ अनेक सकरात्मक सुझाब सल्लाह प्रदान गर्नुका साथै कार्यालय व्यवस्थापनमा भौतिक, नैतिक सहयोग गर्नुहुने गाउँपालिकाबासी आमाबुवा, दाजुभाइ तथा दिदिबहिनीहरु साथै गाउँसरकारको निति निर्माणमा सहयोग गर्ने जनप्रतिनिधीहरु तथा जनताका भावनालाइ मुर्त रुप दिन सहयोग गर्नु हुने कर्मचारी लगायत सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।